# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ माघ २४ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | आ.व. २०८२/०८३ का लागि तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०८१ को दफा-५ बमोजिमको लागत सहभागिता व्यहोर्ने गरी यस नगरपालिका लागि योजनाहरु छनौट गरी पठाउने । | |
| २ | आ.व. ०८२/८३ का लागि संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आयोजना/ कार्यक्रमहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा पठाउने । | |
| ३ | यस नगरपालिकामा संचालन हुने शहरी उत्थानशिलता तथा जीवन यापन सुधार आयोजना (URLIP) अन्तर्गत टेण्डर आव्हानको प्रक्रियालाई स्वीकृत गरि पहिलो चरणमा सडकहरु निर्माण गर्न बोलपत्रको सूचना प्रकाशन गर्ने । | |
| ४ | मनिष एण्ड मनिषा कन्स्ट्रक्सन प्रा.लि., देवदह-७ लाई देवदह नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ को परिच्छेद ३ दफा १२ (क) अनुसार निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । | |
| ५ | देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम (आ.व. २०८१/०८२) संचालनका लागि सिफारिस भई आएको कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमिटेड, देवदह-७, रुपन्देहीको प्रस्तावलाई स्वीकृत गर्ने । | |
| ६ | देवदह नगरपालिका भएर बग्ने खोलाहरु (चुरे क्षेत्रमा नपर्ने) मा भएको नदीजन्य पदार्थको IEE अनुसारको परिमाणको व्यवस्थापनका लागि सरोकारवालाहरुसँग बैठक बसी ठेक्का प्रक्रियामा जाने । | |
| ७ | गैडाकोट नगरपालिका वडा नं. ५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) निवासी तुलसी राम लामिछानेलाई अवैतनिक रुपमा कामकाज गर्ने गरी समन्वयकर्ता मनोनयन गर्ने निर्णय गरियो । | |
| ८ | चालु आ.व. ०८१/०८२ मा सशर्त कार्यक्रम अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शिर्षकमा विनियोझित बजेट रु. ५५ लाख बाट देवदह नगरपालिका वडा नं. ३ स्थित कोटही आधारभूत विद्यालयमा शौचालय सहित चारकोठे भवन निर्माण गर्ने । | |
| ९ | देवदह कराँते डो एकेडेमी, देवदह, रुपन्देहीद्धारा संचालन हुने गौतम बुद्ध अन्तराष्ट्रिय खुल्ला कराँते प्रतियोगिता २०२५ संचालनका लागि रु. २०००००/- (अक्षरुपी दुई लाख मात्र) उपलब्ध गराउने । | |
| १० | देवदह नगरपालिका वडा नं. १० बसोबास गर्ने वीर बहादुर रेश्मीको छोरा उमंग रेश्मीको उपचारको लागि रु. ३००००/- आर्थिक सहायता उपलब्ध गराउने । | |
| ११ | देवदह नगरपालिका वडा नं. १२ बस्ने दल बहादुर सारुको श्रीमती सुक कुमारी सारुलाई ब्रेन ट्यूमर भएको हुँदा उपचारको लागि रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने। | |
| १२ | देवदह नगरपालिका वडा नं. ५ बस्ने तिलसरा थापाको उपचारको लागि रु. ३०,०००/- आर्थिक सहायता उपलब्ध गराउने । | |

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १३ | देवदह नगरपालिका वडा नं. ९ बस्ने लालविर दर्जीको छोरा भिम बहादुर दर्जीलाई उपचारका लागि रु. ३०,०००/- आर्थिक सहायता उपलब्ध गराउने। | |
| १४ | देवदह नगरपालिका वडा नं. ६ बस्ने मान सिं थापा मगरको नाती टेक बहादुर थापा मगरको छोरा अशोक थापा उपचारको लागि रु. ३०,०००/- आर्थिक सहायता उपलब्ध गराउने। | |
| १५ | देवदह नगरपालिका वडा नं. ९ बस्ने लिला नारायण श्रेष्ठको पत्नी विन्टिकली श्रेष्ठको उपचारको लागि आर्थिक रु. ३०,०००/- आर्थिक सहायता उपलब्ध गराउने। | |
| १६ | यस नगरपालिकाद्वारा यसभन्दा अगाडि भएका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु तदारुपताका साथ कार्यान्वयनमा लैजाने। साथै नगरपालिकाको सेवा प्रवाहको अवस्थाको बारेमा छलफल गरी सेवा प्रवाहलाई अझै प्रभावकारी रुपले अगाडि बढाउने। | |
| १७ | नगरस्तरी अनुगमन तथा मूल्याङ्कन समितिद्धारा पेश भएको योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश गरी छलफल गरियो। | |
| १८ | देवदह व्यापार संघ देवदह रुपन्देहीलाई ९ औं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव, २०८१ आयोजना गर्न रु. ६,००,०००/- (अक्षरुपी छ लाख मात्र) रकम उपलब्ध गराउने र सो रकम उपलब्ध गराउँदा देवदह व्यापार संघले नगरपालिकालाई मनोरञ्जन कर वापतको रकम बुझाउनु पर्ने। | |
| १९ | प्रशासन, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा र पूर्वाधारा शाखाबाट सम्पूर्ण प्रक्रिया पूरा भई प्राविधिक जाँचपास भई आएका योजनाहरुको फरफारक गरी भुक्तानी दिने। | |
| २० | राष्ट्रिय आवास कम्पनी लि.को अधिकार क्षेत्र भित्र रहेका देवदह नगरपालिका वडा नं. १ र २ को जग्गा सम्बन्धमा अनुरोध गर्ने। | |
| २१ | नगरपालिकाको कोषबाट खर्च भएको रकमको पहिलो चौमासिक प्रगति प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरियो। | |
| २२ | साईकल सिटी भैरहवाद्धारा मिति २०८१ फाल्गुण १५, १६ र १७ गते आयोजना हुने बुद्ध ज्ञान साईकल यात्रा- २०८१, दोस्रो संस्करण (BUDDHA ENLIGHENMENT BICYCLE TOUR-2025) का रु. ५०,०००/- उपलब्ध गराउने। | |